**नगरपालिकाको लैङ्गिक समानता सामाजिक समावेशीकरण परीक्षण सम्बन्धी**
**कार्यक्षेत्रगत शर्त** (Terms of Reference)

## १. परिचय तथा पृष्ठभूमि

नेपालको संविधान २०७२ को राज्यका निर्देशक सिद्धान्तहरू अन्तर्गत नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई सर्वोपरि राख्दै नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानूनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्ने उल्लेख छ। यस सिद्धान्तलाई आत्मसात गर्दै स्थानीय सरकारहरुले सोहि अनुरुप आफना कार्यक्रमहरु सञ्चालन मार्फत सेवा तथा सहयोग उपलब्ध गराउदै आएका छन्।

नेपालको संविधान २०७२ ले राज्यको नीति अन्तर्गत सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति अन्तर्गत असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने, जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने, प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने, बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्यांकन गर्ने, बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने लगायत जस्ता अधिकारको सुनिश्चितताका लागि कार्य गर्न व्यवस्था गरेको छ।

महिला, दलित, आदिवासी जनजाति, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय र पिछडिएका क्षेत्र लगायतले भोग्नु परेका समस्यालाई सम्बोधन गर्न राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी महिला र पुरुषबीच भेदभाव गर्न नहुने वा गर्न नपाईने भन्ने स्पष्ट व्यवस्था भएपनि व्यवहारमा पुर्णरुपमा लागू हुनसकेको छैन। संविधानसभाबाट नयाँ निर्माण भएको नेपालको संविधान २०७२ मा महिलाको हक, अधिकार संरक्षण गर्न प्रष्ट प्रावधान समेत राखिएको छ। तसर्थ यसरी निर्माण हुने संविधान, ऐन, नियम,नीतिलाई सहयोग पुऱ्याउन स्थानीय तहहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण प्रक्रियालाई तीब्रता प्रदान गर्न आवश्यक छ।

संघीयताको मर्म अनुरुप स्थानीय तहको गहन जिम्मेवारीलाई बहन गर्न हरेक स्थानीय तह आफै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट सक्षम र संवेदनशिल हुन आवश्यक छ। स्थानीय तहको कार्यलाई अझ बढी प्रभावकारी बनाउन संस्थामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण स्थितिको पहिचान र योजनाबद्ध तवरबाट परिक्षण प्रकृयालाई संस्थागत गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण आवश्यक भएकोले सवै स्थानीय तहहरुले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८ अनुसार नगर/नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण कार्य गर्नुपर्ने ।

नगरपालिकामा बसोबास गर्ने सबै जातजाति र वर्गमा विकासको समान प्रतिफल पुऱ्याउने कार्यमा नगरपालिकाको महत्वपुर्ण भूमिका रहेको हुन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले महिला, जनजाति, आदिवासी, दलित, सामाजिक, आर्थिक रुपमा बञ्चित समूहहरुको सहभागितालाई बढाएर विकासको प्रक्रियालाई संस्थागत गर्ने पक्षमा जोड दिइ आफ्नो क्षेत्रको विकासका लागि साधनहरुको परिचालन र बाँडफाँडद्वारा सामाजिक समानता ल्याउने उद्धेश्य राखेको छ। सोही अनुसार स्थानीय तहले बिभिन्न खाले कार्यक्रमहरु सञ्चालन गर्दै आईरहेको छ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण प्रकृया आफैमा एउटा सहभागितामुलक स्वमूल्याङ्कन भएकोले नगरपालिकामा कार्यरत कर्मचारी तथा निर्वाचित पदाधिकारीहरुको व्यक्तिगत तथा संस्थागत कृयाकलापहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा काम गर्न उत्साह जरुरीछ। साथै यस प्रक्रियामा संलग्न कर्मचारीहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पक्षमा उत्तरदायी हुने तर्फ पनि उन्मुख गराउछ।

यस प्रक्रियाले स्थानीय तहको लैङ्गिक मूलप्रवाहीकरण तथा महिला सशक्तिकरण सम्बन्धी कार्यक्रममा प्रभावकारिता बढाउन र संस्थागत अपनत्वको भावना जगेर्ना गर्न पनि सघाउने हुन्छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणद्वारा कार्यक्रम तथा बजेटको विश्लेषण गरी आगामी वर्षको कार्यक्रम तथा बजेटलाई लैससास दृष्टिकोणबाट तय गर्न तथा बजेट विनियोजन गर्न समेत सघाउ पुऱ्याउँदछ।

## २. लै.स.सा.स. परीक्षणको उद्देश्य

सिद्ध राज पण्डित
प्रमुख प्रशासकीय अधिकृत

(क) लैङ्गिक समानता तथा समाजिक समावेशीकरण परीक्षण मार्फत नगरपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सामाजिक रुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुलाई समावेश गरि, लैङ्गिक समानता र सबै जातजाती तथा समुदायको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तर तथा सामाजिक विभेद प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहिकरण र सशक्तिकरण गर्दै लैजाने ।

(ख) महिला र सीमान्तकृत समुहहरुलाई समावेश गरि उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिवृद्धि गरी नगरपालिकाको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।

(ग) नगरपालिकाको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।

(घ) स्थानीय तहको दीर्घकालिन, आवधिक र बार्षिक योजनामा लैङ्गिक मूलप्रवाहीकरणलाई संस्थागत गर्न ।

(ङ) समावेशीकरणको लक्ष्यलाई स्थानीय तहको संरचना र कार्य योजनामा स्थान दिन ।

(च) लैससास अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रुपमा स्थानीयकरण गरि स्थानीय सरकारले गर्ने सम्पूर्ण विकासका कार्यहरुलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने ।

**३. परीक्षण विधि तथा प्रक्रिया**

लैङ्गिक समानता तथा सामाजिक समावेशी परिक्षणले एउटा पक्षलाई मात्र नभई धेरै पक्षलाई समेटेर नगरपालिकालाई सुधारात्मक बाटोमा लैजान पनि मद्दत गर्ने भएकोले विषयवस्तु सुहाउँदो विधि वा प्रकृयाहरु अपनाउनु पर्नेछ । यस अध्ययनको उद्देश्य पुरा गर्न संख्यात्मक तथा गुणात्मक सूचनाहरु प्राथमिक तथा द्धितिय स्रोतहरुबाट समेत संकलन गर्नुपर्नेछ ।

मार्गदर्शन : नेपाल सरकार, सङ्घीय मामलि तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको ""स्थानीय तहका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीरकण परीक्षण दिग्दर्शन २०७८" लाई मार्गदर्शन दस्तावेजको रुपमा प्रयोग गरिनेछ । सोहि दस्तावेजको आधारमा रही सम्पुर्ण परीक्षणका औजार तथा सूचकहरुलाई आधार मानेर यो परीक्षण लैससास परीक्षण प्रतिवेदन तयार गर्नुपर्नेछ ।

कार्यदल गठन : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्नका लागि नगरपालिकाले कार्यपालिका सदस्य वा कर्मचारी प्रशासन शाखाको संयोजकत्वमा विज्ञ परामर्शदाता संस्थालाइ सहयोग गर्न ३ वा ५ सदस्यीय एक कार्यदल गठन गर्नुपर्नेछ ।

दस्तावेज अध्ययन् : लैससास सम्बन्धी विज्ञ टोलीले नगरपालिकाले हालसम्म जारी भएका दस्तावेज, कानून तथा प्रतिवेदनहरु नगरपालिकाको ऐन, नीति, निर्देशिका, कार्यविधिहरु, आवधिक विकास योजना तथा नगर वस्तुस्थिति विवरण, वार्षिक नगर विकास योजना पुस्तिका, नगरपालिकाको आर्थिक प्रतिवेदनहरु, बार्षिक प्रगति प्रतिवेदन, कार्यक्रम संचालन निर्देशिका तथा अनुगमन/मूल्यांकन प्रतिवेदन आदिको अध्ययन अवलोकन गर्नुपर्नेछ ।

लक्षित समूह छलफल : परीक्षणको अवधिमा विभिन्न लक्षित समुहका सदस्यहरु वीच लक्षित समुह छलफल गरी सोको तथ्य समावेश गर्नुपर्नेछ ।

प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता : नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत, शिक्षा शाखा विषय विज्ञ, स्वास्थ्य संयोजक, सूचना प्रविधि अधिकृत, महिला बालबालिका शाखा, वडा सचीवहरु सँग संक्षिप्त अन्तरवार्ता गर्नुपर्ने छ ।

सूचकहरुको लेखाजोखा कार्यशाला : कार्यपालिका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत प्रशासन शाखा, शिक्षा शाखा, महिला बालबालिका शाखा सुचना प्रविधि शाखा, आलेप शाखा लगायतका कर्मचारीको सहभागितामा एक कार्यशालाको छलफलबाट सुचकको लेखाजोखा गर्नुपर्ने छ । कार्यशालामा समुह कार्य मार्फत ५ वटा समुहमा बसेर प्रत्येक सूचकको मूल्याङ्न गरी राम्रो अवस्थालाई १ अंक, मध्यम अवस्थालाई ०.५ अंक र अति कमजोर अवस्थालाई ० अंक दिई मूल्यांकन गर्नुपर्नेछ ।

कार्ययोजना तयार : सुचकहरुमा प्राप्त अंकको आधारमा महिला बालवालिका शाखा तथा सुचना प्रविधि शाखाको नेतृत्वमा कार्य योजना तयार गर्नुपर्नेछ ।

सिद्ध राज पण्डित
प्रमुख प्रशासकीय अधिकृत

## ४. लैससास परीक्षणको विषयवस्तु

लैससास परीक्षणका मूल विषयक्षेत्रहरु : लैससास परीक्षणका लागि स्थानीय तहको नीतिमा लैङ्गिक तथा सामाविक समावेशी विकास, लैङ्गिक तथा सामाविक समावेशी उत्तरदायी कार्यक्रम, आन्तरिक संरचना र मानव संसाधन, सम्वन्ध विस्तार र नेपाल सरकारका प्रतिवद्धताहरु लगायतका विषयबस्तु समेटिएका छन् । लैससास परीक्षणका लागि देशमयका पाँचवटा मुख्य विषय क्षेत्रहरुमा अंकभारको व्यवस्था गरिएको छ ।

| क्षेत्र | सूचकसंख्या/पुर्णाङ्ग |
|---|---|
| १. नीति, कानून, योजना | २० |
| २. संस्थागत व्यवस्था | २० |
| ३. मानव संसाधन तथा क्षमता विकास | २० |
| ४. सेवा प्रवाह | २० |
| ५. सुशासन तथा उत्तरदायित्व | २० |

लैससास परीक्षण उपविषय/क्षेत्रहरु : लैससास परीक्षणका प्रमुख पाँचवटा विषयक्षेत्र भित्र विभिन्न २२ वटा उपविषय/क्षेत्रहरु र सो अन्तर्गत १०० वटा सूचकहरु रहेका छन् । २२ उपविषय/क्षेत्रहरु यस प्रकार रहेका छन् ।

१. नीति र कानूनमा समावेशीता/सहभागिता
२. योजना तुर्जमा तथा कार्यान्वयन
३. बजेट तर्जुमा तथा कार्यान्वयन
४. कर्मचारी पदाधिकारी प्रतिनिधित्व
५. कार्यप्रणाली समावेशी
६. समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व
७. वित्त व्यवस्थापन प्रणालीमा समावेशीता
८. तथ्याङ्क संकलन तथा व्यवस्थापन
९. मानव संसाधन तथा क्षमता विकास
१०. अनौपचारिक मूल्य,मान्यता र कुसंस्कार विरुद्ध जनचेतना
११. कानूनी साक्षरता
१२. विपद व्यवस्थापनमा समावेशीता
१३. पूर्वाधार विकास
१४. प्रजनन् स्वास्थ्य
१५. शिक्षा कार्यक्रम
१६. खानेपनी तथा सरसफाइ
१७. स्वरोजगार, आयआर्जन र बजार व्यवस्थापन
१८. सुशासन
१९. उत्तरदायित्व र जवाफदेहिता
२०. सूचना तथा संचार
२१. अनुगमन तथा मूल्याङ्कन
२२. समन्वय र सम्बन्ध विस्तार

प्रत्येक सूचकको मूल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अंक, मध्यम अवस्थालाई ०.५ अंक र अति कमजोर अवस्थालाई ० अंक दिनु पर्दछ । यी सूचकमा गरिने मूल्याङ्कन सामुहिक मूल्याङ्कन हो । कार्यादलका सदस्यहरुले हरेक सूचकमा छलफल गरी, प्रमाण जुटाई सोको अवस्था विश्लेषण सहमतिमा अंक प्रदान गर्नुपर्नेछ ।

सबै सूचकहरुमा अंक प्रदान गरिसकेपछि ५ वटा मूल शिर्षकहरू र २२ वटा उपशिर्षकहरुमा प्राप्त अंकहरूलाई माकुरेजालोको चित्र (Spider Net) बनाई लैससास प्रतिवेदनमा उक्त नमूना चित्र समेत समावेश गरी राख्नु पर्नेछ । चित्रले देखाएका राम्रा पक्षलाई निरन्तरता दिदै कमजोर पक्षलाई सुधार गर्न आगामि दिनहरुमा स्थानीय तहलाई एक आर्दश स्थानीय तहको रुपमा स्थापित गर्न आवश्यकताहरुको पहिचान गरी लैगिक तथा समावेशी विकासका लागि एकिर्कत कार्ययोजना बनाई पेश गर्नुपर्नेछ । साथै सो विषय उपर स्थानीय तहका सम्वद्ध पदाधिकारी तथा कर्मचारीहरु तथा सरोकारवालाहरु वीच प्रस्तुति तथा छलफल गर्नुपर्नेछ ।

स्थानीय तहले स्थायी प्रकृतिको देहाय बमोजिमको लैससास कार्यान्वयन समिति गठन गर्नुपर्नेछ ।

- नगरपालिकाप्रमुख संयोजक
- उपप्रमुख सदस्य
- प्रमुख प्रशासकीय अधिर्कत सदस्य
- सामाविक विकास समितिका संयोजक सदस्य
- कार्यपालिकाका सदस्यहरु मध्येबाट कम्तिमा २ जना महिला सहित संयोजकले तोकेको ३ जना सदस्य
- गैसस सामुदायिक संस्थाहरु मध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी संयोजकले तोकेका ३ जना सदस्य
- लैससास हेर्ने विभाग महाशाखा शाखाका प्रमुख सदस्य सचिव

२०८१/०६/०१

छिद्र राज पण्डित
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

लैससास कार्यान्वयन समितिको वैठक बसी लैससास परीक्षणको लागि लैससास परीक्षण कार्यदल गठन गर्नुपर्नेछ। उक्त कार्यदलमा नगरपालिकाको उपप्रमुख वा नीज समेत संलग्न कार्यपालिकाको बैठकले तोकेको कार्यपालिका सदस्यको संयोजकत्वमा सम्वन्धित विज्ञ वा परीक्षणकर्ता, विषयहेर्ने शाखाका कर्मचारी र सरोकारवाला समेत ३ देखि ५ सदस्य रहनेछन् ।

समितिले लैससास परीक्षण कार्यशालाको लागि उपयुक्त मिति स्थान र समय निर्धारण गरी कार्यशालामा सहभागि हुने सहभागि तोकी सहभागिताका लागि जानकारी गराउनु पर्नेछ। कार्यशालामा नगरकार्यपालिकाका पदाधिकारीहरु र सवै कर्मचारीहरु सहभागि गराउनुपर्नेछ।

## ६. लैससास परीक्षण सम्बन्धी कार्ययोजना

नगरपालिकाको लैगिक समानता सामाजिक समावेशीकरण परीक्षण गरी सोको प्रतिवेदन तयारी कार्य १ महिनाको अवधि भित्र सम्पन्न गरी सक्नु पर्नेछ ।

## ७. जिम्मेवारी तथा कार्यहरु

नगरपालिकाको लैगिक समानता सामाजिक समावेशीकरण परीक्षण प्रक्रियाका लागि वैठक, परामर्श तथा कार्यशाला गोष्ठीको आयोजना गर्ने जिम्मेवारी नगर कार्यपालिकाको हुनेछ । यस कार्य तथा प्रक्रियाको सहजीकरण गर्ने र निष्कर्ष तथा उपलब्धीको अभिलेखन गर्ने जिम्मेवारी परामर्शदाताको हुनेछ । नगरपालिकाको लैगिक समानता सामाजिक समावेशीकरण परीक्षण प्रक्रियामा नगरपालिका तथा परामर्शदाताको प्रमुख जिम्मेवारीहरु देहाय अनुसार हुनेछ :

### ७.१ नगर कार्यपालिकाको जिम्मेवारी तथा कार्यहरु

नगरपालिकाको लैससास परीक्षण कार्यमा सहयोग गर्ने जिम्मेवारी नगर कार्यपालिकाबाट गठित कार्यदलको हुनेछ। नगर कार्यपालिका तथा कार्यदलले गर्ने कार्यहरु बुँदागत रुपमा देहायअनुसार प्रस्तुत गरिएको छ :

- नगरपालिकाका उपप्रमुख तथा कर्मचारी प्रतिनिधिहरु समावेश रहेको कार्यदल गठन गरी कार्यविवरण प्रदान गर्ने,
- कार्यदलको वैठक आयोजना गरी लैससास परीक्षण कार्य गर्न कार्ययोजना तर्जुमा गर्ने,
- लैससास परीक्षणका लागि आवश्यक तथा उपलब्ध दस्तावेज, सूचना तथा विवरण उपलब्ध गराउने,
- लैससास परीक्षणका लागि कार्यपालिका, कार्यदल, विषयगत समिति, वडा समिति, कर्मचारी र सरोकारवाला वैठक परामर्श तथा कार्यशाला गोष्ठी आयोजना गर्ने र सम्बन्धित पक्षको सहभागिता सुनिश्चित गर्ने,
- लैससास परीक्षण कार्य गर्न परामर्शदातालाई सहयोग गर्ने, सुझाव प्रदान गर्ने र अन्तिम प्रतिवेदन कार्यपालिका र सभाबाट स्वीकृत गरी कार्यान्वयन गर्ने,

### ७.२ परामर्शदाता संस्थाको जिम्मेवारी तथा गर्नुपर्ने कार्यहरु

नगर कार्यपालिका कार्यालयको कार्यादेश र यस प्रस्तावमा उल्लिखित विधि तथा प्रक्रिया बमोजिम नगरपालिकाको लैससास परीक्षण प्रक्रियामा सहजीकरण गर्ने तथा तर्जुमा प्रकृयामा प्राविधिक सहयोग उपलब्ध गराउनु परामर्शदाता संस्थाको मुख्य जिम्मेवारी हो । परामर्शदाता संस्थाका प्रस्तावित विषयविज्ञहरुले तपसिल बमोजिम लगायतका खास जिम्मेवारीहरु निर्वाहा गर्नु पर्नेछः

- संघीय शासन व्यवस्था अनुसार स्थानीय सरकारको रुपमा स्थापित नगरपालिकाको लैससास परीक्षण कार्यको विधि, प्रक्रिया, औजार तथा ढाँचाको विकास गर्ने,
- नगरपालिकाको लैससास परीक्षण सँग सम्वन्धित नीति, कानून, निर्देशिका तथा मापदण्ड तथा सान्दर्भिक दस्तावेजहरुको अध्ययन तथा पुनरावलोकन गर्ने,
- लैससास परीक्षणको विधि, प्रक्रिया तथा भूमिकाबारे नगर कार्यपालिकाका पदाधिकारी, कार्यदल, कर्मचारी तथा सरोकारवाला प्रतिनिधिहरुलाई अभिमुखीकरण गर्ने,
- परीक्षण प्रक्रिया अन्तर्गत आयोजना हुने कार्यपालिका, कार्यदल, विषयगत समिति, कर्मचारी तथा सरोकारवालाको वैठक, परामर्श, कार्यशाला गोष्ठीको सहजीकरण गर्ने र उपलब्ध सूचना तथा विवरण अभिलेखन गर्ने,
- लैससास परीक्षण अन्तर्गत, विद्यमान स्थिति, विगतका उपलब्धी वीचको तुलना, आगामि वार्षिक लैससास कार्ययोजना, निष्कर्ष तथा सुझाव सहितको प्रतिवेदन तयार गरी नगर कार्यपालिकामा पेश गर्ने ।

## ८. परामर्शदाताले तयार गर्नुपर्ने दस्तावेज

सिद्ध राज पण्डित
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

लैससास परीक्षणका परामर्शदाताले देहाय बमोजिमको दस्तावेज तयार गरी कार्यपालिकामा पेश गर्नुपर्नेछ:
नगरपालिकाको लैङ्गिक समानता सामाजिक समावेशीकरण परीक्षणको प्रथम मस्यौदा (सम्झौता भएको ३ हप्ता भित्र)
नगरपालिकाको लैङ्गिक समानता सामाजिक समावेशीकरण परीक्षणको अन्तिम स्यौदा (सम्झौता भएको १ महिना भित्र)

## ९. समयावधि

यस जयपृथ्वी नगरपालिकाको लैङ्गिक समानता सामााजिक समावेशीकरण परीक्षण तयारी कार्यको समयावधि १ महिनाको हुनेछ । समयावधीको गणना गर्दा सम्झौता भएको मितिलाई आधार मानी गणना गरिनेछ । तोकिएको समयमा कार्य सम्पन्न हुन नसकेमा म्याद थप गर्न सकिनेछ ।

## १०. परामर्शदाताको योग्यता तथा अनुभव

यस कार्यक्षेत्रगत शर्त बमोजिम नगरपालिकाको लैससास परीक्षण तयारी कार्यमा प्राविधिक सहयोग पुऱ्याउन देहायअनुसार योग्यता र अनुभव भएका एक जना विषय विज्ञ आवश्यक पर्नेछ ।

शैक्षिक योग्यता : अर्थशास्त्र, व्यवस्थापन वा मानविकि वा लैङ्गिक अध्ययन विषयमा स्नातकोत्तर उपाधी प्राप्त ।

अनुभव : स्थानीय तहको योजना तथा बजेट तर्जुमा, लैङ्गिक अध्ययन, लैङ्गिक उत्तरदायी बजेट तर्जुमा तथा सार्वजनिक खर्च व्यवस्थापनमा कम्तीमा ५ बर्षको व्यवहारिक अनुभव हासिल गरेको ।

## ११. अनुमानित लागत

जयपृथ्वी नगरपालिकाको लैङ्गिक समानता सामाजिक समावेशीकरण परीक्षण तयारीको परामर्श सेवा वापत देहायअनुसारको लागत लाग्ने अनुमान गरिएको छ । प्रस्तावित लागत भित्र लैङ्गिक समानता सामाजिक समावेशीकरण परीक्षणको लागि सञ्चालन हुने कार्यशालाको खाजा खर्च तथा सहभागिको आतेजाते जस्ता खर्च समावेश गरिएको छैन ।

| क्र.सं. | लागत शिर्षक | इकाई | परिमाण | दर (रु.) | रकम (रु.) |
|---|---|---|---|---|---|
| १ | पारिश्रमिकः लैससास विज्ञ | दिन | 7 | | |
| २ | विज्ञ खाना , वास तथा यातायात खर्च | जना | 1 | | |
| | जम्मा | | | | 60,000 |

*(अक्षेरुपी साठी हजार रुपैया मात्र । नोट प्रस्तावित रकममा मुल्य अभिवृद्धि कर समेत समावेश गरिएको छ ।)*

G106109

प्रमुख प्रशासकीय अधिकृत

सिद्ध राज पण्डित
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner